**बैठक संख्या : ५५**

आज मिति २०७६/०९/११ गते ........... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री हरि प्रसाद ज्ञवाली | उप-सचिव शिक्षा | |
| २५ | श्री कनकमान श्रेष्ठ | शिक्षा सल्लाहकार | |
| २६ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक सल्लाहकार | |
| २७ | श्री किरणमान बज्राचार्य | प्रेस सल्लाहकार | |
| २८ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २९ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| ३० | श्री विजय राज वाग्ले | अधिकृत | |

**बैठकका प्रस्तावहरु** :

१. रामघाटको संस्कृति संरक्षण तथा पर्यटन सम्बन्धी पूर्वाधारमा शहरी विकास मन्त्रालयबाट पूर्वाधार निर्माणमा प्राप्त हुने रु.१ करोड खर्च गर्ने सम्बन्धमा ।

२. बहुक्षेत्रीय पोषण सम्बन्धी सहजीकरण तथा वडा स्तरीय समिति गठन गर्न निर्देशन दिने सम्बन्धमा।

३. नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्दा कार्यबिधि पालन गर्ने सम्बन्धि जि.स.स.को च.नं.३१२, मिति २०७६/८/२५ को पत्रको सम्बन्धमा ।

४. वडा नं. १, ८ र १० का वडा स्तरीय योजना र प्रदेशबाट प्राप्त हुने समपुरक योजना सम्बन्धमा ।

५. प्रदेशको विशेष अनुदान सम्बन्धमा ।

६. वास प्लान सम्बन्धमा ।

७. अख्तियारको ६१ बुँदे निर्देशनको जानकारी गराउने सम्बन्धमा ।

८. सुबिधा सम्बन्धी सर्वोच्च अदालतको फैसलाको जानकारी गराउने सम्बन्धमा ।

९. अनुमती विना संचालन भएका विद्यालय सम्बन्धमा ।

१०. रामघाटको नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा रामघाटको संस्कृति संरक्षण तथा पर्यटन सम्बन्धी पूर्वाधारमा शहरी विकास मन्त्रालयबाट पूर्वाधार निर्माणमा प्राप्त हुने रु. १ करोड रकमबाट गौतम बुद्धको राजधानी तिलौराकोट नजिक भागीरथी नदी रामघाटको पुल देखि पश्चिम तरफ गौतम बुद्धको मुर्ती सहित गेट तथा घाट र कलभर्ट निर्माण सहित सुन्दरीकरणको लागि सहरी विकास डिभिजन कार्यालय भैरहवामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा देहायका निर्णय गर्ने निर्णय गरियो ।

क) चालु आ.व. २०७६/७७ का लागि बहुक्षेत्रिय पोषण योजना अन्तर्गत स्वीकृत भएको वार्षिक कार्यक्रमहरु विषयगत शाखाहरु (कृषि, पशु, महिला विकास, खानेपानी तथा सरसफाई, शिक्षा, स्वास्थ्य तथा सुशासन) मार्फत तोकिएकै अवधि भित्र लक्षित वर्गको सहभागिता सुनिश्चित गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख) बहुक्षेत्रीय पोषण सम्बन्धी सहजीकरण तथा वडा स्तरीय समिति गठन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्दा कार्यबिधि पालन गर्ने सम्बन्धि जि.स.स.को च.नं.३१२, मिति २०७६/८/२५ को पत्रको जानकारी सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरुलाई गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७६/०७७ मा प्रदेशबाट प्राप्त हुने समपुरक योजनामा वडा नं. १, ८ र १० का नगरस्तरीय योजनालाई म्याचिङ्ग गरी एउटै योजनाको रुपमा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेशको विशेष अनुदान अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालय ५ नं. प्रदेशको च.नं. ५९३ मिति २०७६/०८/२४ को पत्रानुसार प्राप्त विशेष अनुदान रु. ७० लाखबाट फूसको छानो विस्थापन गरी कर्कट पाता वितरण कार्यको लागि योजनाको प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सामाजिक विकास संयोजक श्री रुद्र बहादुर गैरेको अध्यक्षतामा तपशिल बमोजिमको सदस्य सहित नगरपालिका स्तरीय वास योजना कार्यदल गठन गर्ने निर्णय गरियो । साथै वडा स्तरीय वास योजना कार्यदल गठनको लागि नगरपालिकाबाट सम्पूर्ण वडामा पत्र पठाउने र तथ्यांक संकलन कर्ता (प्रत्येक वडामा कम्तिमा २ जना गणक) कार्यक्रम अवधी सम्मको लागि आवश्यक भएकोले वडा वास योजना कार्यदलले गणक भर्ना गर्नको लागि नगरापालिकाबाट प्रकाशित सूचना अनुसार गणक छनौट गरी नगरपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | | |
|---|---|---|---|
| १. | रुद्र बहादुर गैरे | वडा अध्यक्ष | अध्यक्ष |
| २. | सुरेन्द्रराज लम्साल | सामाजिक विकास सल्लाहकार | सदस्य |
| ३. | शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | सदस्य |
| ४. | ओम प्रकाश बनिया | वास संयोजक | सदस्य |
| ५. | कल्पना खनाल | वास सहजकर्ता | सदस्य |
| ६. | रिना गिरी | वास सहजकर्ता | सदस्य |
| ७. | बलराम न्यौपाने | लेखा अधिकृत (वास सम्पर्क व्यक्ति) | सदस्य-सचिव |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको ६१ बुँदे निर्देशनको परिपालनाको लागि जानकारी गराइयो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सर्वोच्च अदालतको च.नं. ७५८ मुदा नं. ०७६-WC-०००२ छि.नं. ८२७३ मिति २०७६/०८/१८ को पत्र र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २३० मिति २०७६/०८/२२ को पत्रानुसार स्थानीय जनप्रतिनिधिहरुको सुविधा सम्बन्धी सर्वोच्च अदालतको फैसला कार्यान्वयन सम्बन्धमा प्राप्त पत्रको जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका भित्र संचालित निम्न संस्थागत विद्यालयहरुको स्थलगत अनुगमन गर्दा अनुमति प्राप्त नगरी शिक्षा ऐन र नियमावली विपरित विभिन्न कक्षाहरु संचालन गरेको पाइएकोले त्यस्ता विद्यालयहरुलाई कानुनी प्रक्रिया पुरा गरी मात्र संचालन गर्न परिपत्र गर्ने निर्णय गरियो ।

**अनुमति विना संचालित विद्यालयहरु**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा |
|---|---|---|---|
| १ | प्रशान्त ई.बो. स्कुल | क.व.न.पा. ४ | २ |
| २ | विश्वास ई.बो. स्कुल | क.व.न.पा. ३ | ४ |
| ३ | शिखर ई.बो. स्कुल | क.व.न.पा. ३ | पूर्व प्रा.वि. |
| ४ | शिव शक्ति ई.बो. स्कुल | क.व.न.पा. २ | १ |
| ५ | सरस्वती ई.बो. स्कुल | क.व.न.पा. ११ | पूर्व प्रा.वि. |
| ६ | बुद्ध शान्ति ई.बो. स्कुल | क.व.न.पा. ९ | ५ |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० का सन्दर्भमा कपिलवस्तु नगरकार्यापालिकाको कार्यालयबाट मिति २०७६/०९/११ मा आवश्यक निणार्याथ प्रस्तुत भएको टिप्पणीमा छलफल हुँदा ठेक्का नं. KM/IR/076/077-07 को बाणगंगा खोलाको रामघाट नाकाबाट नदीजन्य पदार्थ विक्री वितरणको लागि पहिलो कबोल गरेको बोलपत्र दाता श्री सिंह कन्सट्रक्सन क.व.न.पा. ३ ले सम्झौताको लागि नआएकोले नियमानुसार निजको धरौटी जफत गरी, बाकी रकम सरकारी बाकी सरह असुल उपर हुने गरि दोस्रो कबोल गर्ने बोलपत्र दाता सित सम्झौताको लागि आवश्यक प्रक्रिया अगाडी बढाउनको लागि नगरकार्यपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**कार्यपालिका सदस्य ज्यूहरुबाट प्रतावित प्रस्तावहरु**

**निर्णय नं. ११.** चिन संग भगनी सम्बन्ध कायम गर्नको लागि अन्तर देसिय समन्वय समिति तपशिल बमोजिमको रहने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| १. | संयोजक | किरण सिह |
| २. | प्रमुख प्रशासकीय अधिकृत | बिमलराज आचार्य |
| ३. | सदस्य | सागर न्यौपाने |
| ४. | सदस्य | भेषराज पाण्डेय |
| ५. | सदस्य | रुद्र बहादुर गैरे |
| ६. | सदस्य | विजयराज पाण्डेय |
| ७. | सदस्य सचिव | हरिप्रसाद ज्ञवाली |
| ८. | सल्लाहकार | बलराम अधिकारी |
| ९. | सल्लाहकार | तेजेन्द्र पाण्डेय |

**निर्णय नं. १२.** जरलहिया नाकाको बाटो निर्माणको लागि प्राविधिक सँग परामर्श गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३.** कपिलवस्तु नगरपालिकाको शहरी एकीकृत विकास योजना (आई.यू.डी.पी.)/आवधिक योजना निर्माण गर्न जरुरी देखिएको र सोको आवश्यक प्राविधिक सहयोगको लागि शहरी विकास मन्त्रालय अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४.** वडा नं. ७ को च.नं. ३४७ मिति २०७६/०९/१० को पत्रानुसार आ.व. २०७६/७७ को स्वीकृत बजेट सामाजिक विकास कार्यक्रम अन्तर्गतको सि.नं. ६ मोटर ड्राइभिङ्ग शिर्षकको योजना परिवर्तन गर्ने गरी अति गरीब परिवारलाई कम्मल वितरण गर्ने र उक्त योजना परिवर्तनको लागि अगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६.** वडा नं. २ मा संचालित इन्डो नेपाल खेलकुदको लागि खेलकुद शिर्षकबाट रु. २५ हजार सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७.** काठमाडौंमा हुने हिन्दु महासभाको लागि रु. २५ हजार कला संस्कृति धार्मिक संरक्षण शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८.** नेपाली सेनाको नारायण दलको पत्र संख्या ११३५२।कार्य।४।०७६।७७।१९ मिति २०७६/०९/१० गतेको आवश्यक सहयोग तथा समन्वय बारे प्राप्त पत्रानुसार मिति २०७६/०९/१५ देखि १८ गते सम्म संचालन हुने सामुदायिक विपद प्रतिकार्य तालिममा ४० जना सहभागीहरुको लागि यस नगरपालिकाबाट खाजा, स्टेशनरी तथा प्रमाण-पत्रको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १९.** यस नगरपालिकामा कार्यतर हलुका सवारी चालन श्री गुड्डु रंगरेजको विरामी भई उपचार आर्थिक सहयोग गर्ने निर्णय गरियो । उपचार खर्चको बिल समाबेस गरी आर्थिक सहयोगको लागि निवेदन पेश भएको हुदा निजको उपचार खर्च मध्ये बिल अनुसारको रु. १ लाख २० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०.** वडा नं ११ शितला बक्स मा.वि. रेहराको प्रांगणमा सरस्वती मन्दिर निर्माणको लागि नगर सम्बोधन कार्यक्रमबाट रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २१.**

हाल चलिरहेको शितलहरको कारण अत्यधिक मात्रामा चिसो बढेकाले विद्यालयमा पठनपाठनमा बाधा परेकाले मिति २०७६/०९/१५ देखि १८ गते सम्म ४ दिन वर्षे विदाबाट कट्टा हुने नगरपालिका क्षेत्रका विद्यालयहरु बन्द गर्ने निर्णय गरियो ।